नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग

म.नि.- ५५३७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि -१६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८२/८३
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, पथलैया बारामार्फत ईलेक्ट्रिक चुरोट (भेप) को अवैध ओसार पसार गरी प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजस्व समेत नतिरी नबुझाई राजस्व छली गरेको कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जिल्ला सर्लाही धनकौल गा.पा. वडा नं.१ सेखौना टोलमा बस्ने शिवजी बैंठाको छोरा वर्ष २२ को विकाश कुमार बैठा समेत ३ जना विरुद्ध सम्मानित श्री बारा जिल्ला अदालतमा मिति २०८२।०९।१८ गते अभियोग पत्र दायर गरिएको छ ।

जिल्ला सर्लाही धनकौल गा.पा. वडा नं.१ सेखौना टोलमा बस्ने शिवजी बैंठाको छोरा वर्ष २२ को विकाश कुमार बैठा, जिल्ला सप्तरी साविक बकधुवा गा.वि.स.वडा नं.०४ हाल परिवर्तित अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५ बस्ने सफी रहमान मियाँको छोरा वर्ष २९ को मो.मम्ताज मियाँ, जिल्ला सर्लाही बरहथवा न.पा. वडा नं. ५ बस्ने बेचु भुजेलको छोरा वर्ष ३३ को राजु भुजेल समेतले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई नियमानुसार तिर्नु/बुझाउनु पर्ने राजस्व रकम नतिरी/नबुझाई भन्सार छली, चोरी पैठारी गरी १४०० थान ईलेक्ट्रिक चुरोट (भेप) नेपाल भित्र्याई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीतको कार्य गरी दफा ४ को (ख),(छ) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले प्रतिवादीहरु विकाश कुमार बैठा, मो.मम्ताज मियाँ र राजु भुजेललाई ऐ.ऐनको दफा २(छ१) बमोजिम जम्मा रु.२२,२६,६४६/- (बाइस लाख छब्बीस हजार छ सय छयालीस रुपैयाँ मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३ (१) बमोजिम बिगो जफत गरी बिगोको शतप्रतिशत जरिवाना हुन तथा ऐ. ऐनको दफा २३ (१) (क) बमोजिम कैद सजायको मागदावी लिई एवम वारदातमा प्रयोग भएको बाग्मती प्रदेश ०१-००६ ख २००४ नं.को यात्रुवाहक बस ऐ. ऐनको दफा ३३ र कसूरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११(१) बमोजिम जफत हुन र अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क बापतको रकम भराई पाउन समेतको मागदावी लिई सम्मानित बारा जिल्ला अदालत, बारामा मिति २०८२।०९।१८ गते अभियोग पत्र दायर गरिएको छ ।

मिति: २०८२ साल पुस २१ गते, सोमबार

२०८२/०९/२१

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक



CS Scanned with CamScanner